# धार्चे गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः ७ संख्याः ३

मितिः २०८१/४/१८

## भाग-२

## धार्चे गाउँपालिका

## प्रधानाध्यापक माषिक प्रोत्साहन भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि- २०८१

**प्रस्तावनाः**

धार्चे गाउँपालिका क्षेत्रभित्रका सामदुायिक विद्यालयहरुमा कार्यरत माध्यमिक विद्यालय, आधारभूत विद्यालय(कक्षा१-८), आधारभूत विद्यालय(कक्षा१-५)का प्रधानाध्यापक लाई माषिक भत्ता उपलव्ध गराई प्रधानाध्यापकको कार्यसम्पादन बढाई प्रोत्साहन गरी शिक्षक,विद्यार्थी र विद्यालयको गुणस्तर सधुार गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ "ज" र धार्चे गाउँपालिका शिक्षा ऐन,२०७५को दफा ४९को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद-१
### सङक्षिप्त नाम र प्रारम्भः

**१. सङक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम प्रधानाध्यापक माषिक प्रोत्साहन भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि- २०८१ रहेको छ ।

(२) यो कार्यविधि २०८१ भाद्र १ गते देखि लागू हुनेछ।

(३) यो कार्यविधि धार्चे गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा मात्र लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङगले अर्को अर्थ नलागेमाः-

क. "ऐन" भन्नाले धार्चे गाउँपालिका शिक्षा ऐन, २०७५(संशोधन सहित) लाई सम्झनु पर्दछ ।

ख. "गाउँपालिका" भन्नाले धार्चे गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग. "कार्यपालिका" भन्नाले धार्चे गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ. "अध्यक्ष" भन्नाले धार्चे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ङ. "उपाध्यक्ष" भन्नाले धार्चे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धार्चे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ।

च." शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले धार्चे गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

छ. " शाखा प्रमुख " भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

ज. " प्रधानाध्यापक " भन्नाले विद्यालयको प्रशासनिक तथा प्राज्ञिक कामकाज गर्न तोकिएको व्यक्ति सम्झानुपर्छ ।

झ. "शिक्षक" भन्नाले धार्चे गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा अध्यापनरत अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई सम्झनु पर्दछ।

झ. "विद्यालय" भन्नाले धार्चे गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

## उद्देश्य र समिति

**<u>३. उद्देश्य-</u>** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्।

१. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको कार्यसम्पादन अभिवृद्धि गर्ने,

२.प्रधानाध्यापकहरुलाई बिहान ९:०० बजे देखि ५:०० बजे सम्म विद्यालयमा रहेर काम गर्न उत्प्रेरित गर्ने,

३.सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,

४.उत्कृष्ट नतिजा ल्याउनमा सहयोग गर्ने,

५.भौगोलिक विकटताका कारण चाडै हुने शिक्षक सरुवालाई रोक्ने।

**<u>४. समितिः</u>**सामुदायिक विद्यालयको प्रधानाध्यापक पहिचान गर्न तपसिल बमोजिमको प्रधानाध्यापक पहिचान समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

ग. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

## परिच्छेद–३

## प्रधानाध्यापक पहिचानका आधारहरु

**५. प्रधानाध्यापक पहिचानका आधारहरुः**

प्रधानाध्यापक पहिचानका आधारहरु देहाय अनुसार हुनेछन ।

१. सम्वन्धित विद्यालयमा कार्यरत प्रधानाध्यापकको नियुक्ति पत्र ।

२.सम्बन्धित विद्यालयको स्वीकृत दैनिक समय तालिकामा प्रधानाध्यापकको नाम समावेश भएको हुनुपर्ने।

३.विद्यालयको दैनिक शिक्षक स्टाफ हाजिरी पुस्तिकामा प्रधानाध्यापकको विद्यालय आएको समय ९:०० बजे र गएको समय ५:०० बजे उल्लेख गरेको हुनुपर्ने र प्रधानाध्यापकले सोहि अनुसार दैनिक रुपमा गर्नुपर्ने ।

## परिच्छेद–४

## प्रधानाध्यापक माषिक भत्ता प्रक्रिया तथा अन्य व्यवस्थाः

**६. प्रधानाध्यापक माषिक भत्ता प्रक्रियाः**

प्रधानाध्यापक माषिक भत्ता प्रक्रिया देहाय बमोजिम रहनेछ।

१. प्रधानाध्यापकको माषिक भत्ता विद्यालयबाट तलव माग फाराम सँगै माग गर्ने।

२. प्रधानाध्यापक माषिक हाजिरी प्रमाणित गरी माग फाराम सँगै पेश गर्ने।

३. सम्बन्धित विषयको वि.व्य.स.बाट प्रमाणित मासिक प्रगति प्रतिवेदन।

४. पहिचान भएका प्रधानाध्यापकको रुजु शिक्षा, युवा तथा खेलकुद शाखाबाट गर्ने।

५. तलव भत्ता सरह नै प्रधानाध्यापक माषिक भत्ता पनि विद्यालयको कोषमा निकासा दिने।

६. विद्यालयले सम्बन्धित प्रधानाध्यापकको बैंक खातामा प्रधानाध्यापक भत्ता भुक्तानि दिने।

**७. शिक्षक प्रोत्साहन सुविधाको रकमः**

१.पहिचान भएका प्रधानाध्यापकलाई तपशिल बमोजिमको दरले मासिक प्रधानाध्यापक भत्ता रकम उपलब्ध गराइने छ।

क) माध्यमिक विद्यालयको प्रधानाध्यापकले मासिक रू.२५००।- (दुई हजार पाँच सय रुपैया मात्र)का दरले,

ख) आधारभूत विद्यालय (१-८)को प्रधानाध्यापकले मासिक रू.२०००।- (दुई हजार रुपैया मात्र)का दरले,

ग) आधारभूत विद्यालय(१-५)को प्रधानाध्यापकले मासिक रू.१५००।- (एक हजार पाँच सय रुपैया मात्र)का दरले,

**८. संशोधन तथा परिमार्जनः**

यस कार्यविधिलाई थप प्रभावकारी बनाउन तथा कुनै विषयमा थप निर्णय गर्नुपर्ने आवश्यकता भएमा गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

**९.बाधा अडकाउ फुकाउने अधिकारः-**

यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ पर्न आएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसुची-१

(परिच्छेद ४ को ६ को ३संग सम्बन्धित)

**मासिक प्रगति प्रतिवेदन**

विद्यालयको नामः

प्रधानाध्यापकको नामः शैक्षिक वर्षः महिनाः

शिक्षण गर्ने विषयः

| क्र.स. | विवरण | कक्षा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ८ | ९ | १० | |
| १ | जम्मा विद्यार्थी संख्या | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | विद्यार्थीको उपस्थिति दर | | | | |
| ३ | असल अभ्यास | | | | |
| ४ | विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता | | | | |
| ५ | अभिभावक सँगको अन्तरक्रिया ( भएको छ/छैन) | | | | |
| ६ | कार्यमूलक अनुसन्धान ( भएको छ/छैन) | | | | |
| ७ | परीक्षाको प्रकार (मासिक/एकाइ/कक्षागत) | | | | |
| ८ | विद्यार्थीको औसत सिकाइ उपलब्धि (प्रतिशत) | | | | |
| ९ | गृहकार्यको परीक्षण (नियमित छ/छैन) | | | | |
| १०. | वि.व्य.स. बैठक | | | | |
| ११. | शि.अ.स. बैठक | | | | |
| १२. | नतिजा विश्लेषण | | | | |
| १३. | अतिरिक्त क्रियाकलाप | | | | |

नोटःअन्य कुनै थप असल अभ्यास भए सो समेत उल्लेख गर्ने।

पेश गर्ने(प्रधानाध्यापक)

नामः

पदः

प्रमाणित गर्ने(वि.व्य.स.-अध्यक्ष)

नामः

पदः